# GOV-HER-NANCE

"Gov-her-nance" महिलाको भुमिका, स्थानीय विकास र खुला सरकार सम्बन्धी विद्यमान समस्याको समाधान गर्ने हेतुले नयाँ आवाजलाई स्थान दिने एक पृथक अवधारणा हो । Gov-her-nance बुलेटिनले नेपाल भरिका विभिन्न समुदायबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । हामी यस बुलेटिनको माध्यमबाट महिला तथा लैंगिक अल्पसंख्यकका मुद्दालाई बाहिर ल्याएर धनगढी उप-महानगरवासी र उप-महानगरपालिका बिचको सूचनाको दुरी कम गरी लैंगिक मैत्री उप-महानगरको अवधारणालाई साकार पार्ने लक्ष राख्दछौं ।


धनगढी उप-महानगरपालिका -९ मा मुलाको गुन्द्रुक बनाउँदै स्थानीय महिला

*तस्वीर : गंगा चौधरी*

## गर्भवती तथा सुत्केरी महिलाका लागि निशुल्क हवाई उद्धार कार्यक्रम

राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम, नेपालका १९ वटा जिल्लाहरुमा पूर्ण रुपमा लागू भईसकेको छ भने, २९ वटा जिल्लामा आंशिक रुपमा लागू भएको छ । कार्यक्रम नियमित सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोवास गर्ने, गर्भवती तथा सुत्केरी अवस्थाबाट हुनसक्ने जोखिम वा मृत्युबाट महिलालाई बचाउन ल्याइएको हो । सो उद्दार कार्यक्रम निशुल्क हुन्छ ।

गर्भवती तथा सुत्केरीको निशुल्क हवाई उद्धार कार्यक्रम सूदुरपश्चिम प्रदेशका तीनवटा जिल्लाहरुमा लागु भएको छ ।

- डोटी - दिपायल सिलगढी नगरपालिका बाहेक सबै स्थानीय तह
- बैतडी - दशरथ चन्द नगरपालिका बाहेक सबै स्थानीय तह
- डडेलधुरा - आलिताल गाँउपालिका, नवदुर्गा गाँउपालिका र परशुराम गाँउपालिका





कार्यक्रम लागू गरिएका सूदुरपश्चिम प्रदेशका यी ठाँउमा ज्यान जोखीममा परेका महिलाहरुको उपचार सेती अञ्चल अस्पताल, धनगढीबाट गरिन्छ ।

स्रोत : https://mowcsc.gov.np/uploads/uploads/iPM3L8Bl9UQF3Gmgd0ClzUt8MGxkukFLEH3p3Sdw.pdf

# हल्ला र तथ्य

**म आजीवन विवाह नगरी आमा बुवासँगै बस्न चाहन्छु । के मैले पनि एकल महिलालाई सरकारले दिने सुविधा पाउँछु ?**



““एकल महिला” भन्नाले सम्बन्ध विच्छेद गरेकी महिला, विधवा, पैंतीस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला, पाँच वर्षभन्दा बढी समयदेखि पति हराई वा बेपत्ता भएकी महिला, अंशवण्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिला भनेर बुझिन्छ । एकल महिलासँग सम्बन्धित सम्पूर्ण कार्यक्रम वा योजनाहरूमा माथी उल्लेख गरिएको वर्गका महिलाहरूलाई समेटिएको हुन्छ ।


श्रोत : http://mowcsc.gov.np/uploads/uploads/w7xXNgQiTxS8rvpE5achY3s29prFLhkcLb17BMC3.pdf

**थुप्रै सडक बालबालिकाहरूले दु:ख पाइरहेको देखिन्छ । त्यस्ता बालबालिकाहरूको व्यवस्थापनको लागि सरकारले केही गर्दैन ?**



प्रत्येक प्रदेशमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले सडक बालबालिकाहरूको व्यवस्थापन कार्य गर्छ । सडक बालबालिकाहरूको उद्धार, संरक्षण, लालनपालन, परिवार तथा सामाजिक पुनर्स्थापना, पुनर्मिलन, पुनर्एकिकरण, मनोसामाजिक परामर्श, सामाजिकिकरणकासाथै उनिहरूको औषधी, अनौपचारिक शिक्षा, सिपमूलक तालिमको व्यवस्था पनि प्रदेश सरकारले गर्छ । यी कार्यक्रमहरूको मुख्य उद्देश्य भनेको सडक बालबालिकाहरूलाई समाजमा बस्न उपयुक्त वातावरण सृजना गर्दै पुन: सडकमा फर्कनबाट रोक्नु हो ।

श्रोत: https://mofaga.gov.np/model-law/566



**सरकारले किशोरीहरूलाई आईरन फोलिक एसिड खुवाउने कार्यक्रम ल्याएको छ रे ? कहाँ र कसरी पाईन्छ यो औषधी ?**

किशोरावस्थामा हुने रक्तअल्पताको समस्या सम्बोधन गर्न यो कार्यक्रम ल्याईएको हो । यो कार्यक्रम १० देखी १९ वर्ष उमेर समुहका किशोरिहरूलाई लक्षित गरेर लागू गरिएको हो । विद्यालय जाने किशोरीलाई विद्यालय र विद्यालय नजाने किशोरीलाई महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मी मार्फत आईरन फोलिक एसिड वितरण गरिन्छ । किशोरीले हप्तामा एक पटक १३ हप्तासम्म आईरन फोलिक एसिड खानु पर्दछ । यसरी १३ हप्ता सम्म खाईसकेपछि त्यसपछिको १३ हप्ता सम्म आईरन फोलिक एसिड खानु हुँदैन र फेरी त्यसै गरेर १३ हप्ता सम्म नियमित हप्ताको एक पटक खानु पर्दछ । यसरी किशोरीले वर्षमा २६ हप्तासम्म, २६ चक्कि आईरन फोलिक एसिड खानु पर्दछ ।

स्रोत : https://www.mofaga.gov.np/news-notice/2273

# कथा

## हिँसा पीडित मिना सहयोग खोज्दै



धनगढी उप-महानगरपालिका वडा नं. ११ घोसुवामा बस्ने मिना देवी बि.क. (नाम परिवर्तन) हाल ४२ वर्षकी भईन । बिवाहा हुनुभन्दा पहिला उनले माइती घरमा राम्रै जीवन बिताइरहेकी थिइन् । १५ वर्षकै कलिलो उमेरमा उनको विवाह भयो । विवाह भएको केहि वर्षसम्म उनको श्रीमानसँगको सम्बन्ध राम्रै थियो । परिवारमा कुनै किसिमको कलह, झैं(झगडा, मनमुटाव थिएन । विवाह गरेको २ वर्ष पछि उनको पहिलो महिनावारी भएपछि घरको संस्कार अनुसार, छुट्टै छाउगोठ बनाएर बस्नुपर्ने बाध्यता थियो ।

महिनावारी भएको केहि वर्ष बित्यो, तर उनको सन्तान भएन । यही कारणले घर परिवारले उनलाई गर्ने व्यवहार पनि परिवर्तन हुन थाल्यो । हुदाँहुदैं केहि वर्षपछि सन्तान नहुने नै भयो भनेर उनका श्रीमानले अर्को बिवाह गरे । दोस्रो बिवाह गरेको २/४ महिना पछि उनका श्रीमान कान्छी श्रीमती लिएर भारत तिर लागे । त्यहाँ गएपछि उनकी कान्छी श्रीमतीबाट २ छोरा र १ छोरी जन्मिए । ७ वर्ष पछि घर फर्किएका उनका श्रीमानले उनलाई अनेक किसिमले यातना दिन थाले । घरबाट निस्किन कर गर्न थाले । “तँ बाँझी, तेरो सन्तान नै छैन, तेरो अब औचित्य नै छैन” भन्ने जस्ता लान्छना लाउनथाले । उनलाई मानसिक यातनासँगै कुट्पिट पनि गर्न थाले । सासु, ससुरा, श्रीमान, सौता, र छोराछोरीहरुको यातना पीडा सहन नसकेपछि उनी माइती घरमा बस्न थालिन् ।

बिवाह गरेर पठाएकी छोरीले जे जस्तो भए पनि श्रीमानको घरमै काम गरेर खानुपर्छ भनेपछि भने उनी घर न घाटकी भइन् । न्यायका लागि धेरै संघर्ष गरेर उनले बल्ल बल्ल श्रीमानबाट अंशको नाममा सानो कोठा पाइन् । त्यहाँ बस्दा पनि उनलाई यातना दिईयो । त्यसपछि भने उनी माइती आएर बसेकी छिन् । यि दु:खहरु त छदैं थिए, अहिले उनी पाठेघरको समस्याले ग्रसित छिन् । सम्बन्धित निकायबाट केहि सहयोगको अपेक्षा गर्दै छिन् । उनी वडा कार्यलयबाट पाउनुपर्ने सहयोगका लागि पुऱ्याउनुपर्ने औपचारिकता सम्झेर भने निरास हुन्छिन् ।


“तँ बाँझी, तेरो सन्तान नै छैन, तेरो अब औचित्य नै छैन” भन्ने जस्ता लान्छना लाउनथाले । उनलाई मानसिक यातनासँगै कुट्पिट पनि गर्न थाले । सासु, ससुरा, श्रीमान, सौता, र छोरा छोरीहरुको यातना पीडा सहन नसकेपछि उनी माइती घरमा बस्न थालिन् ।



# समुदायको प्रतिनिधी आवाज

## राधा बि.क.

*वडा सदस्य,*
*धनगढी उप-महानगरपालिका वडा नं. ३*



महिला जन्मेदेखी नै हिँसामा परेका हुन्छन् । त्यसमाथी झन् नेतृत्व लिने महिलाहरु बढी हिँसा पीडित हुन्छन् । घरमा, राजीनितिक तहमा र कार्यालयमा उनिहरुको कुरा नसुन्ने र उनिहरुलाई अपामन गरिनु पनि एक किसिमको हिँसा हो । महिला र पुरुषलाई घरमा पनि समान व्यवहार गरिदैन । उनीहरुको हरेक कुरामा श्रीमानको नियन्त्रण हुन्छ । आफ्नो स्वास्थ्य देखि लिएर भोट हाल्ने कुरा पनि श्रीमानले भने अनुसार नै गर्नुपर्छ । महिलाको स्तर विकास गर्न र उनिहरुको पहुँच बढाउन घर देखि नै समान व्यवहार गर्नुपर्छ । जनसङख्या अनुसार कोटा खोल्नुपर्छ । स्थानीय तहमा बढी भन्दा बढी महिला प्रतिनिधिको सहभागिता सुनिश्चित हुनुपर्दछ । जसले गर्दा महिलाको कुरा सुनेर, महिलाको हितको निणर्य गर्न महिलालाई सहज हुन्छ ।

## बिना देवी चौधरी

*वडा सदस्य,*
*धनगढी उप-महानगरपालिका वडा नं. १९*



पुरुषप्रधान हाम्रो समाजमा महिलाहरुलाई घरमै सिमित राख्ने गरिन्छ । महिलाहरुलाई घर भित्रकै काम मात्रै गर्नुपर्छ भन्ने मान्यता छ । यदि महिला काम विशेषले घर बाहिर गएमा र कहिलेकाही ढिलो घर फर्किएमा पनि अनेकौं प्रश्न सोधिन्छ । महिला काममा बाहिर गएर जति बेला घर फर्किए पनि चुल्होचौकाको काम आफैले नै गर्नुपर्ने बाध्यता छ । यी कामहरु महिलाको लागि मात्र हो भन्ने सोच विद्यमान छ । तर, काम गर्ने क्रममा अहिलेसम्म मलाई सबैले सहयोग गरेकाछन् । सबै भन्दा बढी मैले मेरो श्रीमानबाट सहयोग पाएकी छुँ । उहाँले बाहीर मात्रै नभई घरमा पनि खाना पकाउने, भाँडा माझ्ने, कपडा धुने देखि सबै काम गर्नु हुन्छ । श्रीमानबाट यति धेरै सहयोग पाउँदा म आफुलाई भाग्यमानी ठान्दछु । मेरो काम देखेर मेरो वडाका अन्य मानिसहरु पनि आफ्ना छोरी, बुहारी, श्रीमतिलाई तिमीहरुले पनि बिनाले जस्तै समाजका लागि काम गर्नु पर्छ भनेर प्रोत्साहन गर्न थालेका छन् ।

CIVIC ACTION TEAMS



## DISCLAIMER

यो अंकमा समेटिएका जानकारीहरु समुदायमा काम गरिरहेका स्वम्सेवक, अनलाईन माध्यममा उपलब्ध आधिकारिक स्रोत, सरकारी कार्यालय र अकाउन्टविलिटी ल्याब नेपालको फेलोसिप अन्तरगत काम गरिरहेको महिलाको समुहले विभिन्न व्यक्तिह( रुसँग विगत एक हप्तामा प्रत्यक्ष तथा अप्रत्यक्ष गरेको कुराकानीका् आधारमा संकलन गरिएकाहुन् । विषयको महत्व, सान्दर्भिकता र यसले धनगढी उप-महानगरपालिकामा पार्न सक्ने सकारात्मक प्रभावलाई ध्यान दिएर प्रस्तुत विषयवस्तु छनोट गरिएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**"Gov-her-nance" अकाउन्टविलिटी ल्याब नेपालले धनगढी उपमहानगरपालिकासँगको सहकार्य र CFLI को सहयोगमा तयार गरिएको हो ।**

accountabilitylab NEPAL

DHANGADHI SUB-METROPOLITAN CITY

Activity supported by the Canada Fund for Local Initiatives

Activité réalisée avec l'appui du Fonds canadien d'initiatives locales

Canada

@CivicActionTeams @CivActs @civacts

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219